प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्रदेश कार्यालय, प्रदेश नं. १

## ईटहरी, सुनसरी ।

## छोटो अवधिको तालीम(३९० घण्टा) को सीपमुलक तालीम संचालन सम्बन्धमा परिषदका आँगिक / साझेदारी संस्था, टेक्स र प्राविधिक धार (९-१२)का सामुदायिक विद्यालयहरुलाई अत्यन्त जरुरी सूचना ।

मितिः २०७६।०९।१८

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, प्रदेश कार्यालय, प्रदेश नं. १, ईटहरी, सुनसरीको चालु आर्थिक वर्ष २०७६/०७७ को स्विकृत वजेट तथा कार्यक्रम अनुसार यस प्रदेश भित्रका १४ वटै जिल्लाका १३७ वटा स्थानिय निकाय संग समन्वय गरी आवश्यकताका आधारमा ७००० जनालाई २० जनाको समुह बनाई सीपमुलक तालीम संचालन गर्ने व्यवस्था भएकोले त्यस शिक्षालय / बहुप्राविधिक शिक्षालय / तालीम केन्द्र / टेक्स विद्यालय / शिक्षा विभागको प्राविधिक धार(९-१२) का सामुदायिक विद्यालयले स्थानिय तहका निर्वाचित जन प्रतिनिधिहरुसंग समन्वय गरी ***"छोटो अवधिको सीपमुलक तालीम संचालन कार्यविधि-२०७६"*** को प्रस्तावना ६ मा आधारित रहेर तपसिल वमोजिमका कागजात सहित मिति २०७६/१०/०३ गते भित्र यस कार्यालयमा आईपुग्नेगरी प्राविधिक प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

निर्देशक

तपसिल:

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदबाट प्राप्त सम्बन्धन पत्रको प्रतिलिपि,
२. संस्थाको विस्तृत प्रोफाईल(प्राप्त सम्बन्धन, संचालित कार्यक्रमहरु-लामो तथा छोटो, कार्यक्रम अनुसारको हाल सम्मको उत्पादन, उत्पादित प्रशिक्षार्थीको स्वरोजगार / रोजगारीको अवस्था) आदि सम्पुर्ण विवरणहरु )
३. अघिल्लो आर्थिक वर्षको लेखा परीक्षणको प्रतिवेदन,
४. तालीम संचालन गर्न चाहेको स्थानिय तहमा तालीमको विषय र संख्या,
५. प्रस्तावित तालीम कार्यक्रममा संलग्न हुने प्रशिक्षकहरुको वैयक्तिक विवरण तथा भौतिक सम्पत्ती सम्बन्धी विवरण,
६. गत वर्ष संचालित तालीम लिनेहरुको रोजगारीको अवस्था,
७. स्थानिय निकाय संग समन्वय गरेका(तालीमका सहभागि छनौट र तालीम सम्बन्धि सम्पुर्ण कार्यमा सहभागिता जनाउने आधार ) प्रमाणहरु,
८. तालीम संचालनको विस्तृत कार्यक्रम,
९. परिषदका आँगिक तथा साझेदारी संस्थाले वढीमा ६ वटा र सामुदायिक विद्यालयहरुले वढीमा ३ वटा तालीमको लागि प्रस्ताव पेश गर्न सक्नेछन ।